# विदेशीहरूको लागि हेलोवर्क सदुपयोग चेक लिष्ट

**～कम्पनी छोड्ने व्यक्ति／कम्पनी छोडेर नयाँ काम खोजिरहेको व्यक्तिको लागि～**

**जापान सरकारबाट जारी भएको जानकारी हो।**
**महत्वपूर्ण जानकारी भएकोले, देहायका बुँदाहरू अनिवार्य रूपले चेक गर्ने गर्नुहोस्।**

| | चेक गर्ने बुँदाहरू | ☑ | P |
|---|---|---|---|
| STEP 1 | **तपाईंले कसरी कम्पनी छोड्ने हो (छोडेको हो ) चेक गर्नु होस्।** | | |
| | ① तपाईंले कसरी कम्पनी छोड्ने हो (छोडेको हो) सो को आधरमा, कम्पनीले विभिन्न किसिमका नियमहरू पालना गर्नु पर्ने हुन्छ। तपाईंलाई थाहा छ? | | 1 |
| | ② चिन्ता लागेको बेलामा, सरकारी कर्मचारीसँग सल्लाह गरौं। | | 2 |
| | ③ कम्पनी छोडे पछि, तुरुन्तै प्रक्रिया चाल्नु पर्ने कुराहरू पनि छन्।तपाईंलाई थाहा छ? | | 3 |
| STEP 2 | **हेलोवर्कमा जाऔं।** | | |
| | ④ हेलोवर्क भनेको सरकारी कर्मचारीले तपाईंको नयाँ काम खोज्न सहयोग गरि दिने ठाउँ हो। तपाईंलाई थाहा छ? | | 5 |
| | ⑤ काम गुमेको वा कम्पनी छोडेपछि, नयाँ काम खोज्दा पनि काम फेला नपरेको अवस्थामा, जीवनयापनको बारेमा चिन्ता नलिइकन, नयाँ काम खोज्न सक्ने गरी, "रोजगार बीमा" बाट भुक्तानी पाउन पनि सकिन्छ। तपाईंलाई थाहा छ? | | 6 |
| | ⑥ तुरुन्तै काम गर्न नसक्ने व्यक्ति पनि, काम गर्न सक्ने भए पछि, "रोजगार बीमा" बाट रकम पाउन पनि सकिन्छ। तपाईंलाई थाहा छ? | | 9 |
| STEP 3 | **नयाँ काम खोजौं।** | | |
| | ⑦ भिसाको प्रकार अनुसार, गर्न मिल्ने काम पनि फरक फरक छ। तपाईंलाई थाहा छ? | | 12 |
| | ⑧ हेलोवर्कमा काम गर्न चाहेको कम्पनी खोजौं। | | 13 |
| | ⑨ काम गर्न चाहेको कम्पनीमा दरखास्त दिएर अन्तरवार्ता दिने गरौं। | | 15 |
| | ⑩ छिटै काम मिलेमा, "रोजगार बीमा" बाट रकम पाउन पनि सक्छ। | | 16 |
| STEP 4 | **नियुक्ती हुने यकिन भए पछि, प्रक्रिया चाल्नु होस्।** | | |
| | ⑪ नयाँ कम्पनीको श्रम शर्तहरू चेक गर्नुहोस्। | | 17 |
| | ⑫ भिसा प्रक्रिया चाल्नु होस्। | | 17 |
| | ⑬ काम सुरु गरेपछि, अन्य प्रक्रिया पनि चाल्नु आवश्यक छ। तपाईंलाई थाहा छ? | | 19 |

२०२० साल जुलाई संस्करण

स्वास्थ्य, श्रम तथा समाज कल्याण मन्त्रालय हेलोवर्क

# 1 तपाईले कसरी कम्पनी छोड्ने हो (छोडेको हो) चेक गर्नु होस्।

**① तपाईले कसरी कम्पनी छोड्ने हो (छोडेको हो) सो को आधरमा, कम्पनीले विभिन्न किसिमका नियमहरू पालना गर्नु पर्ने हुन्छ। तपाईलाई थाहा छ?**

तपाईंको कम्पनीले तपाईं विदेशी भएकै कारणबाट तपाईंलाई जापानीज श्रमिकलाई गर्ने व्यवहार भन्दा फरक र नराम्रो व्यवहार गर्न पाइदैन।

कम्पनीले तपाईंलाई **बिना कारण कामबाट निकाल्न मिल्दैन।** कम्पनीले तपाईंलाई काम छोड्न लगाउन चाहेको अवस्थामा जापानीज श्रमिकलाई छोड्न लगाउन चाहेको बेलाकै जस्तो **एउटै नियम** अनिवार्य रूपले पालना गर्नै पर्छ।

"तपाईंले किन कम्पनी छोड्ने हो" भन्ने बारेमा, तपाईं र कम्पनी बीच कुरा मिले पछि मात्र, अवकाश पत्रमा हस्ताक्षर गर्ने गर्नुहोस्।




## कम्पनीले तपाईंलाई "कम्पनी छोड" भनि आदेश दिएको अवस्थामा

1. तपाईंलाई काम छोड्न लगाउने स्पष्ट कारण नभएमा, कम्पनीले तपाईंलाई कम्पनी छोड्न आदेश दिन सकिँदैन।
   अनि, देहायको अवधिमा, कम्पनीले तपाईंलाई "कम्पनी छोड्" भनि आदेश दिन सकिँदैन।
   - **कामको सिलसिलामा लागेको चोटपटक वा बिरामी भई, बिदामा बसिरहेको अवधिमा वा सो अवधि पछिको ३० दिन भित्र**
   - **सुत्केरी हुन भन्दा अघि र सुत्केरी भए पछिको सुत्केरी बिदाको अवधि (बच्चा जन्माउनु अघि र बच्चा जन्माई सके पछि बिदामा बसेको अवधि) र सो अवधि पछिको ३० दिन।**

2. आदेश दिने कम्पनीले, काम छोड्ने दिन भन्दा ३० दिन अघि नै काम छोड्न लगाउने बारेको सूचना तपाईंलाई दिनु पर्छ। यदि ३० दिन नपुग्ने भएमा, सो अवधिको रकम तपाईंलाई तिर्ने छ।

## सम्झौता समाप्त भएको बेलामा

1. कम्पनीले, ३ पटक भन्दा बढी सम्झौता गरिरहेको व्यक्ति वा १ वर्ष भन्दा लामो अवधि निरन्तर रूपमा काम गरिरहेको व्यक्तिसँगको सम्झौता समाप्त भए पछि नयाँ सम्झौता नगर्ने अवस्थामा, सम्झौता समाप्त हुनु ३० दिन अघि सम्ममा "नयाँ सम्झौता नगर्ने" भनि सूचना दिनु अनिवार्य छ।

2. सम्झौता समाप्त भएपछि पनि, निरन्तर रूपमा सोही ठाउँमा नै काम गर्ने व्यक्तिले, नयाँ सम्झौता गर्नुहोस्।
   कम्पनीले, धेरै पटक सम्झौता गर्दै, सोही कम्पनीको कामलाई निरन्तरता दिइ रहेको व्यक्तिसँग, कारण नभएको अवस्थामा, नयाँ सम्झौता गर्नै पर्छ।

## आफ्नो तर्फबाट छोड्ने बेलामा

- "रोजगार नियम (कम्पनीको नियम)" ले तोकिएको मिति (नतोकिएको अवस्थामा, २ हप्ता अगाडि) भित्रमा "कम्पनी छोड्न चाहन्छु" भनि कम्पनी वा माथिको व्यक्तिलाई भन्नु होस्।
- सम्झौता पत्रमा कहिले सम्म काम गर्ने भनि तोकिएको व्यक्तिको हकमा, सम्झौताको बिचैमा काम छोड्न मिल्दैन। विशेष कारण भएको अवस्थामा, कम्पनीसँग सल्लाह गर्नुहोस्।

**② चिन्ता लागेको बेलामा, सरकारी कर्मचारीसँग परामर्श लिने गरौं।**

- कम्पनीले तपाईंलाई "कम्पनी छोड" भनि आदेश दियो तर कम्पनीको नियम थाहा नभएको अवस्था वा काम गर्दै आएता पनि तलब नपाएको अवस्थामा, सबै भन्दा पहिला राज्यको "विदेशी श्रमिक परामर्श कर्नर" वा श्रम मापदण्ड निरीक्षण कार्यालयसँग परामर्श लिनु होस्। कम्पनीसँग पैसा नभएर, कम्पनी टाट पल्टेर बन्द भएको अवस्थामा, अहिले सम्म नतिरिएको तलबको केही हिस्सा राज्यले कम्पनीको सत्तामा तिरिदिने व्यवस्था छ।



- **श्रम मापदण्ड निरीक्षण कार्यालयमा**、निम्न लिखित कुराहरूको परामर्श लिन सकिन्छ।

  - **श्रम शर्त (पारिश्रमिक र काम गर्ने समय, कामको विवरण आदि, काम गर्ने बेलाको कबुल)**
  - **के गरेमा "बिदाको भत्ता ※１" पाउन सकिन्छ?**
  - **"वार्षिक तलवी बिदा（※２）" कसरी प्रयोग गर्दा राम्रो हुन्छ?**
  - **कम्पनीले, कम्पनीमा कार्यरत व्यक्तिलाई छोड्न लगाउन चाहेको बेलमा पालना गर्नु पर्ने नियमहरू**

※１　कम्पनीको जिम्मेवारीमा, कम्पनीले तपाईंलाई "तपाईं बिदामा बस्नुस्" भनेको खण्डमा, कम्पनीले तपाईं तिर्ने रकमको बारेमा।

※２　तपाईं कम्पनीको काममा बिदामा बस्न चाहेको बेलामा प्रयोग गरेमा, बिदामा बसेता पनि तलव पाउने बिदाको कुरा।

**श्रम शर्तको बारेमा परामर्श लिन चाहेको बेलामा**

▷▷ https://www.check-roudou.mhlw.go.jp/soudan/foreigner_eng.html

**③ कम्पनी छोडे पछि, तुरुन्तै प्रक्रिया चाल्नु पर्ने कुराहरू पनि छन्। तपाईलाई थाहा छ?**

कम्पनी छोडे पछि, निम्न कुराहरूमा पनि ध्यान दिनुहोस्।

## इमिग्रेशन (Regional Immigration Services Bureau अध्यागमन विभाग) लाई सूचना दिने

तपाईंको भिसा पेज 12~को ❷ र ❹ को भए कामको प्रकार र प्रकृति अनुसार, भिसा तोकिएको व्यक्ति) **कम्पनी छोडेको १४ दिन भित्र "आबद्ध निकाय बारेको जानकारी दिने सूचना"** मार्फत अध्यागमन विभागलाई सूचना दिनुहोस्।

## रोजगार बीमा (कोयो होकेन) को प्रक्रिया

तपाईं "रोजगार बिमा" पाउन योग्य भएको बेलामा, काम खोज्नको लागि, रकम पाउन पनि सकिन्छ। हेलोवर्कमा सम्पर्क गरौं। (विस्तृत जानकारीको लागि पेज 6 हेर्नुहोस्)

## स्वास्थ्य बीमाको प्रक्रिया

**1 स्वास्थ्य बीमा लागू हुने कम्पनीमा काम गरिरहेको भए**

कम्पनी छोडे पछि, अहिले सम्म आबद्ध हुँदै आएको, कम्पनीको स्वास्थ्य बीमाको योग्यता गुम्न जान्छ। "स्वास्थ्य बीमा बीमित परिचयपत्र (होकेनस्यो)" लाई कम्पनीको व्यक्तिलाई फिर्ता दिनुहोस्। कम्पनीको स्वास्थ्य बीमाको योग्यता गुमे पछि, तपाईं बसोबास गर्दै आएको नगर／गाउँपालिका (सिकुच्योसोन) को राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध हुनु पर्ने हुन्छ। प्रक्रियाको लागि, आफू बसोबास गर्ने नगर／गाउँपालिका (सिकुच्योसोन) को कार्यालयमा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

अनि, अनैच्छिक बेरोजगारी (कम्पनी टाट पल्टेर बन्द भएर वा कम्पनीबाट बर्खास्त गरेको कारणबाट काम गुमेको अवस्था आदि) को अवस्थामा, निवेदन दिएमा, बीमा शुल्क (कर) मिनाहा वा कमी हुन पनि सक्छ। तपाईं बस्ने नगर／गाउँपालिका (सिकुच्योसोन) को कार्यालयमा सम्पर्क गरी सल्लाह गर्नुहोस्।

नोट, तपाईं स्वास्थ्य बीमाको बीमित भएको अवधि (छोडेको कम्पनीमा काम गरेको अवधि) लगातार २ वा सो भन्दा बढी महिना भएको अवस्थामा, इच्छाएको अवस्थामा, अहिले सम्म आबद्ध हुँदै आएको एउटै कम्पनीको स्वास्थ्य बीमालाई निरन्तरता दिन पनि सकिन्छ (ऐच्छिक निरन्तरता बीमित सिस्टम)। त्यसको लागि, कम्पनी छोडेको मिति देखि २१ दिन भित्र प्रक्रिया चाल्नै पर्छ। प्रक्रियाको विधि बारेमा, अहिले सम्म आबद्ध भइरहेको स्वास्थ्य बीमाको बीमा संचालकसँग सोधपुछ गर्नुहोस्। बीमा संचालकको जानकारी चाहिएमा, कम्पनीसँग सोधपुछ गरेमा थाहा हुन्छ।)।

**राष्ट्रिय स्वास्थ्य बीमा संघको होमपेज, पर्चा**
(ऐच्छिक निरन्तरता बीमित सिस्टमको बारेमा)

▷▷ **https://www.kyoukaikenpo.or.jp/g3/cat320/sb3180/**
**https://www.kyoukaikenpo.or.jp/g3/cat320/sb3180/1979-62524/**

**2** **(कम्पनीको स्वास्थ्य बीमा नभइकन) तपाईं बसोबास गर्ने नगर／गाउँपालिका (सिकुच्योसोन) को राष्ट्रिय स्वास्थ्य बीमामा आबाद्ध भइरहेको भए,** कम्पनी छोडेता पनि, अहिले सम्म प्रयोग गर्दै आएको राष्ट्रिय स्वास्थ्य बीमा आबद्धतालाई निरन्तरता दिनुहोस्। केही प्रक्रिया चाल्नु आवश्यक छैन।

## पेन्सनको प्रक्रिया

**1** **समाज कल्याण पेन्सन बीमा लागू हुने कम्पनीमा काम गरिरहेको बेलामा**

कम्पनी छोडे पछि, अहिले सम्म आबद्ध भइरहेको कम्पनीको समाज कल्याण पेन्सन बीमा (कोउसेइ नेन्किन) को योग्यता पनि गुमिन्छ। ६० वर्ष भन्दा कम उमेरका व्यक्ति, नयाँ रुपले “राष्ट्रिय पेन्सन (कोकुमिन नेन्किन)” मा प्रवेश गर्नु पर्छ। तपाईं बसोबास गर्ने नगर／गाउँपालिका (सिकुच्योसोन) को कार्यालयमा निवेदन दिने गरौं।

**2** **(कम्पनीको नभइकन) तपाईं बसोबास गर्ने नगर／गाउँपालिकाको राष्ट्रिय पेन्सनमा आबद्ध भइरहेको बेलामा**

कम्पनी छोडेता पनि त्यति कै हुन्छ। प्रक्रिया चाल्नु आवश्यक छैन।

**जापान पेन्सन कोषको होम पेज, पर्चा**
**(कम्पनी परिवर्तन・अवकाश लिएको बेलामा चाल्ने प्रक्रिया)**

▷▷ **https://www.nenkin.go.jp/service/kokunen/kanyu/20121003.html**

**https://www.nenkin.go.jp/service/pamphlet/seido-shikumi.html**

# 2 हेलोवर्कमा जाऔं।

**④ हेलोवर्क भनेको सरकारी कर्मचारीले तपाईको नयाँ काम खोज्न सहयोग गरि दिने ठाउँ हो। तपाईलाई थाहा छ?**

हेलोवर्कको रोजगार परामर्श काउन्टरबाट देहाय बमोजिमका सेवाहरू निःशुल्क रूपमा प्राप्त गर्न सकिन्छ।

### 1 कामको परामर्श

रोजगारसँग सम्बन्धित विभिन्न किसिमको परामर्श लिन सकिन्छ। जस्तो सुकै कुरा भए पनि, **सुरुमा काउन्टरमा सल्लाह** गरेर हेरौं।

### 2 काम गर्न चाहेको कम्पनी खोज्ने (पेज 13 हेर्नुहोस्)

हेलोवर्कमा, थुप्रै कम्पनीको कर्मचारी आवश्यकता सम्बन्धी सूचनाको विज्ञापन तथा जानकारी ("कर्मचारी आवश्यकताको सूचना" ... काम गर्ने व्यक्ति चाहिने कम्पनीको बारेमा जानकारी" राखेको छ। कर्मचारी आवश्यकता सम्बन्धी जानकारी, हेलोवर्कको कम्प्युटरमा पनि हेर्न सक्नु हुन्छ। अरु हेलोवर्कमा रहेको कर्मचारी आवश्यकता सम्बन्धी सूचना पनि हेर्न सक्नु हुन्छ। स्मार्टफोनबाट पनि हेर्न सक्नु हुन्छ। यदि, कम्पनीको चाहना र तपाईंको चाहना फरक भएको अवस्थामा, हेलोवर्कले कम्पनीलाई तपाईंको इच्छा वा माग बताउन पनि सकिन्छ।

### 3 काम गर्न चाहेको कम्पनी चिनाइ दिने (पेज 15 हेर्नुहोस्)

तपाईंले आफू काम गर्न चाहेको कम्पनी फेला पारे पछि, हेलोवर्कको काउन्टरमा जाऔं। कर्मचारीले कम्पनी र कर्मचारी आवश्यकता सम्बन्धि पोइन्टहरूको बारेमा सल्लाह दिने गरिन्छ।
साथै, तपाईंले कम्पनीमा अन्तर्वाता दिन सकोस् भनि कर्मचारीले कम्पनीमा फोन गरेर तपाईंलाई एक सिफारिस पत्र दिनेछ।

### 4 काम खोज्नको लागि सपोर्ट (पेज 15 हेर्नुहोस्)

हेलोवर्कले, बायोडाटा, कार्य अनुभव विवरणपत्र जस्ता दरखास्तसँग पेश गर्ने कागजपत्र तयार गर्ने विधिको बारेमा सल्लाह या अन्तरवार्ता दिने तरिका, ध्यान दिनु पर्ने कुराहरूको बारेमा सल्लाह र नमूना अभ्यास अन्तरवार्ता, सेमिनार पनि आयोजना गरिरहेको छ।

त्यस बाहेक पनि, प्रत्येक हेलोवर्कले विभिन्न किसिमका सेवाहरू प्रदान गरिरहेका छन्।
सर्भिस मेन्यु/विवरणको बारेमा, घर नजिकको हेलोवर्कमा आएर सोधपुछ गरेर हेर्नुहोस्।

**घर नजिकको हेलोवर्कको लागि यहाँ**

▷▷ **https://www.mhlw.go.jp/content/000637894.pdf**

**दोभाषे भएको हेलोवर्कको लागि यहाँ**

▷▷ **https://www.mhlw.go.jp/content/000592865.pdf**

⑤ **काम गुमेको वा कम्पनी छोडे पछि नयाँ काम खोज्दा पनि काम फेला नपरेको अवस्थामा, जीवनयापनको बारेमा चिन्ता नलिइकन, नयाँ काम खोज्न सक्ने गरी, "रोजगार बीमा" बाट भुक्तानी पाउन पनि सकिन्छ। तपाईलाई थाहा छ?**

" रोजगार बीमा" भनेको, काम गुमेको, कम्पनी छोडे पछि, नयाँ काम फेला नपरेको अवस्थाको लागि गरिने बीमा हो। जीवनयापनको चिन्ता नलिकन नयाँ काम फेला पार्न सक्ने गरी, यो बीमाबाट भुक्तानी पाउन सकिन्छ।

## "रोजगार बीमा" बाट भुक्तानी पाउने प्रक्रिया निम्न अनुसार छन्।

**1** तपाईंसँग "रोजगार बीमा बीमित प्रमाणपत्र" (※1) साथमा रहेको, **5** को आवश्यक शर्तहरू (पेज 7 हेर्नु होस्।) पुरा गरेको अवस्थामा, तपाईं "रोजगार बीमा" बाट भुक्तानी पाउन योग्य व्यक्ति (※2) मा पर्छ।

(※1) १ हप्तामा २० घण्टा वा सो भन्दा बढी समय काम गरिरहेको, ३१ दिन वा सो भन्दा बढी समय काम गरिरहेको भए, साधारणतया कम्पनीबाट पाउन सकिन्छ। तपाईंसँग नभएको खण्डमा, कम्पनीसँग सोधपुछ गरी हेर्नुहोस्। कम्पनीले गल्तीबस प्रक्रिया नगरेको जस्तो लागेमा, हेलोवर्कमा सम्पर्क गरी सल्लाह गर्न सक्नु हुन्छ।

(※2) पहिलाको कम्पनीमा काम गरेको समय, १ हप्तामा २० घण्टा भन्दा कमको व्यक्ति र, दिउसो विद्यार्थीको रूपमा अध्ययन गर्ने अन्तराष्ट्रिय विद्यार्थीहरूको लागि लागू हुने छैन।

**2** तपाईं "रोजगार बीमा" मा आबद्ध भइरहेको व्यक्ति भएमा, कम्पनी छोड्ने बेलामा, कम्पनीले तपाईंलाई "काम छोडेको प्रमाणपत्र" मा छाप र हस्ताक्षर गर्नु" भनि भन्छ। "काम छोडेको प्रमाणपत्र" मा उल्लेखित पारिश्रमिक रकम तथा तपाईंले कम्पनी छोडेको कारण (? पेज 10 हेर्नुहोस्) मिल्छ कि मिल्दैन भनि राम्रीसँग चेक गर्नै गर्नुहोस्।

तपाईं "हाकेन स्याइन (हाकेन खाइस्यासँग सम्झौता गरि अर्कै कम्पनीमा काम गर्ने व्यक्ति)" भएको खण्डमा हाकेन खाइस्या र कार्यरत कम्पनी बीचको सम्झौता समाप्त हुनु अगाडि, हाकेन खाइस्या छोड्ने बेलामा, "हाकेन खाइस्या" बाट "काम छोडेको प्रमाणपत्र" "मा छाप र हस्ताक्षर गर्नु" भनि भन्छ। तपाईंले "हाकेन खाइस्या" छोडेको कारण लेखिराखेको कुरा मिल्छ या मिल्दैन चके गर्नु होस्।


**3** कम्पनीले "काम छोडेको प्रमाणपत्र" हेलोवर्कमा पेश गरे पश्चात, हेलोवर्कले "रोजगार बीमा बीमित प्रमाणपत्र" ("काम छोडेको पत्र-१" "काम छोडेको पत्र-२" भनिने) कागजातलाई कम्पनीमा पठाइने छ। कम्पनीले सो कागजात "काम छोडेको पत्र-१" "काम छोडेको पत्र-२" तपाईंलाई हस्तान्तरण गरिने छ। फेरी एक पटक, पारिश्रमिक रकम र कम्पनी छोडेको कारण (? पेज 10 हेर्नुहोस्) मिल्छ कि मिल्दैन चेक गर्नुहोस्। यदि गलत भएको खण्डमा, कम्पनीलाई खबर गरेर सच्याउन लगाउनु होस्। कम्पनीले सच्याउन आलताल गरेको खण्डमा, हेलोवर्कको कर्मचारीसँग सल्लाह गर्नुहोस्। कम्पनीले काम छोडेको पत्र नदिएको खण्डमा पनि हेलोवर्कमा सम्पर्क गर्नुहोस।

**"काम छोडेको पत्र-१" "काम छोडेको पत्र-२" भनेको यस्तो हुन्छ।**

▷▷ https:// www.hellowork.mhlw.go.jp/doc/info_1_e2_01.pdf
https://www.hellowork.mhlw.go.jp/doc/info_1_e7_01.pdf

**4** तुरुन्तै काम गर्न सक्ने व्यक्तिले भुक्तानी प्राप्त गर्ने योग्यता स्वीकृति (तपाईंलाई रकम दिने या नदिने भन्ने कुरा, हेलोवर्कले निर्धारण गरिने छ।) को लागि निवेदन दिने गर्नु होस्। (तुरुन्तै काम गर्न नसक्ने व्यक्तिले, पेज 9 हेर्नुहोस्।) कम्पनी छोडे लगतै निवेदन प्रकिया चाल्नु होस्। रकम पाउने अवधि, तपाईंले काम छोडेको भोलिको दिन देखि १ वर्ष भित्र निर्णय गरिने छ। हेलोवर्कमा आउन ढिला हुन गयो भने, पाउने रकम कम हुन जान्छ। कम्पनी छोडेको १ वर्ष नाघे पछि हेलोवर्कमा आएता पनि, एक पैसा पनि पाउने छैन।

(उदाहरण) वास्तवमा तपाई "१५० दिनको" रकम प्राप्त गर्न सक्ने व्यक्तिमा परेको भएता पनि, निवेदन प्रक्रिया चाल्न ढिला हुन गएको खण्डमा, रकम प्रदान गर्ने निर्णय भएको मिति देखि, तपाईंले **कम्पनी छोडेको मितिको भोलिको दिन देखि १ वर्ष सम्म**को मात्र रकम पाउन सकिने हो।




**5** रकम प्राप्त गर्नको लागि, साधारणतया, तपाईंले **कम्पनी छोडेको मिति भन्दा पहिला २ वर्षको अवधिमा, १२ महिना भन्दा बढी, बीमित अवधि (रोजगार बीमामा आबद्ध भइरहेको अवधि)** हुनु आवश्यक छ। यद्यपि, देहायको अवस्थामा, तपाईंले कम्पनी छोडेको मिति भन्दा पहिलाको **१ वर्षको अवधिमा, ६ महिना भन्दा बढि** बीमित अवधि भए पनि पुग्छ।

- **टाट पल्टेर कम्पनी बन्द वा कामबाट निकालेको आदि कारणबाट, तपाईंले कम्पनी छोडेको अवस्थामा (विशेष भुक्तानी पाउन योग्य व्यक्ति (? पेज 10 हेर्नुहोस्) मा पर्छ)**
- **निश्चित समयावधि तोकिएको रोजगार सम्झौता नविकरण नभएको वा अन्य काबु बाहिरको कारणबाट काम छोडेको अवस्थामा (विशेष कारणबाट काम छोडेको व्यक्ति (? पेज 10 हेर्नुहोस) मा पर्ने छ)**

**6** निम्न लिखित कागजात लिएर, घर नजिकको हेलोवर्कमा गई, नयाँ काम खोज्नको लागि निवेदन दिनुहोस्। (काम खोज्न निवेदन दिने पेज 13 हेर्नुहोस्) तपाईंले पेश गरेको कागजात हेरेर, हेलोवर्कले भुक्तानी पाउन योग्य व्यक्ति हो होइन भनि छानबिन र निर्णय लिने छ।)

**[हेलोवर्कमा लिएर जाने कागजात]**

1. **कम्पनीले दिएको काम छोडेको पत्र–१** (नाम र बैंक खाता नम्बर आदि आफैले लेख्नुहोस्)
2. **कम्पनीले दिएको काम छोडेको पत्र–२**
3. **माई नम्बर कार्ड**

   ※ माई नम्बर कार्ड नभएको अवस्थामा

   ① माई नम्बर सूचना कार्ड वा माई नम्बर उल्लेख भएको निबास दर्ता प्रमाणपत्र अर्थात ज्यूमिनह्यो किसाइ जिकोउ स्योउमेइस्यो

   ② जाइरयू कार्ड या पासपोर्ट आदि फोटो भएको परिचय पुष्ट्याउने कागजात
4. **इन्खान (छाप)** (निजी छाप। स्ट्याम्प छाप बाहेक)
5. **फोटो २ प्रति** (हालसालै खिचेको फोटो, अगाडि फर्केको माथिल्लो भाग, ल. 3.0 cm×चौ. 2.5 cm)
6. **बैंकको पासबुक वा क्यास कार्ड** (तपाईंको नाम उल्लेख भएको)

**7** भुक्तानी पाउने भए पछि, हेलोवर्कमा "रोजगार बीमाको सेमिनार" मा भाग लिनुहोस्। त्यस बेलामा, तपाईंले भुक्तानी प्राप्त गर्ने प्रमाणपत्र ("रोजगार बीमा भुक्तानी प्राप्त गर्ने योग्य व्यक्ति परिचयपत्र") बुझेर लिनुहोस्। अनि, कर्मचारीले त्यस पछिको प्रक्रियाको बारेमा बयान गरिने छ।

**रोजगार बीमा भुक्तानी प्राप्त गर्ने योग्य व्यक्ति परिचयपत्र यस्तो हुन्छ_**

▷▷ **https://www.hellowork.mhlw.go.jp/doc/info_1_e5_02.pdf**

**8** तपाईंले, हेलोवर्क वा प्राइभेट श्रमिक आपूर्ति कम्पनी मार्फत काम खोज्ने (स्यूस्योकु खाचुदो) कार्य गर्नुहोस्। साधारणतया प्रत्येक ४ हप्तामा एक पटक, हेलोवर्कमा गई, "बेरोजगार प्रमाणीकरण निवेदन" भरी, कर्मचारीलाई काम खोजिरहेको हालको उपलब्धि अवस्था (※) को बारेमा रिपोर्ट गर्नु होस्। तपाईं बेरोजगार रहेको कुरा (काम नभएको) भनि मान्यता दिएको खण्डमा, १ हप्ता भित्र नै तपाईंको बैङ्क खातामा पैसा राखिने छ। कहिले देखि कति रकम पाउने बारेमा, काम छोड्दाको कारण अनुसार फरक हुने छ।

(※) रकम प्राप्त गर्नको लागि, "काम खोज्ने गतिविधिको उपलब्धि" भनि मान्यता पाउने खालको गतिबिधि प्रत्येक ४ हप्तामा, २ पटक भन्दा बढी गर्नु आवश्यक छ। "काम खोज्ने गतिविधिको उपलब्धि" भनि मान्यता पाउने मुख्य गतिबिधिहरू निम्न अनुसारका छन्।

- **कम्पनीमा कामको लागि दरखास्त दिने**
- **हेलोवर्क वा प्राइभेट श्रमिक आपुर्ति कम्पनीसँग परामर्श लिने, कम्पनी चिनाइ दिन लगाउने**
- **हेलोवर्क वा प्राइभेट श्रमिक आपुर्ति कम्पनीले आयोजना गर्ने सेमिनारमा भाग लिने**
- **कम्पनीले आयोजना गर्ने ब्रिफिंगमा भाग लिने**
- **कुनै सीप वा लाइसेन्स लिनको लागि जाँच दिने आदि**

**बेरोजगार प्रमाणीकरण निवेदन फाराम यस्तो हुन्छ।_**

▶▶ https://www.hellowork.mhlw.go.jp/doc/info_1_e4_01.pdf


## ⑥ तुरुन्तै काम गर्न नसक्ने व्यक्तिले पनि, काम गर्न सक्ने भए पछि, "रोजगार बीमा" बाट भुक्तानी पाउन पनि सकिन्छ।

※तुरुन्तै काम गर्न सक्ने व्यक्तिले पेज 6 हेर्नुहोस्। तुरुन्तै प्रक्रिया चाल्नुहोस्।

**1** कम्पनी छोडे लगतै काम गर्न नसक्ने व्यक्तिले पनि, "रोजगार बीमा" बाट भुक्तानी प्राप्त गर्न सकिन्छ। उदाहरणको लागि, देहाय बमोजिमको व्यक्तिले कम्पनी छोडेको ३१ दिन नाघेपछि तुरुन्तै हेलोवर्कमा गएर, "भुक्तानी प्राप्त गर्ने अवधि थप गर्नको लागि निवेदन" दिने गर्नुहोस्।

**① बिरामी या चोटपटक लागि काम गर्न नसक्ने**
**② गर्भवती・सुत्केरी・शिशु-स्याहार (३ वर्ष मुनी सम्मको लागि) आदि कारणबाट काम गर्न नसक्ने (बाँझोपनको उपचार सहित)**
**③ परिवार सदस्यको नर्सिङ्ग स्याहार-सुसार गर्नको लागि, काम गर्न नसकिने**
**④ ६० वर्ष वा सो भन्दा बढी उमेर हदको कारणबाट अवकाश लिएर, केही अवधि आराम लिने।**

**2** यो निवेदन दिएर राखेमा, काम गर्न सक्ने भई, काम खोज्न सुरु गरे पछि, रकम प्राप्त गर्न सकिने हुन्छ।



## विशेष भुक्तानी प्राप्त गर्न योग्य व्यक्ति, विशेष कारणबाट काम छोडेको व्यक्ति भनेको के हो / कम्पनी छोडेको कारण चेक गर्नुहोस्

### सबैजनाले कम्पनी छोड्ने कारणहरू मध्ये विशेष खालका कारणहरुको चिनारी।

| | |
|---|---|
| ① **बर्खास्त** | कम्पनीको कारणबाट, तपाईंलाई "काम छोड" भनेर आदेश दिएको बेलामा |
| ② **टाट पल्टेर बन्द भएको** | कम्पनी विघटन भई, कम्पनीको अस्तित्व नै सखाप हुने कारणबाट छोड्नु पर्ने बेलामा |
| ③ **कम्पनी संचालको निति अनुसार स्वेच्छिक अवकाश आवेदन माग वा अवकाश लिन प्रेरित गरेको** | कम्पनीले "कम्पनी छोड्ने हो कि?" भनि सोधेको बेलामा, तपाईं "हुन्छ" भनि जवाफ दिएको बेलामा |
| ④ **कम्पनीको कारणबाट नियुक्ति रोकेको (३ वर्ष भन्दा बढी)** | अवधि निर्धारण भएको करार सम्झौता केही पटक नवीकरण भई ३ वर्ष भन्दा बढि एउटै कम्पनीमा काम गर्दै आएको भएता पनि, कम्पनीको कारणबाट करार सम्झौता अवधि सकिएको बेलामा, अचानक सम्झौता नवीकरण नभएको बेलामा। |
| ⑤ **कम्पनीको कारणबाट नियुक्ति रोकेको (३ वर्ष भन्दा कम)** | अवधि निर्धारण भएको करार सम्झौता अनुसार एउटै कम्पनीमा काम गर्दै आएको अवधि ३ वर्ष भन्दा छोटो भएको बेलामा, तपाईंले नवीकरण गर्ने इच्छा व्यक्त गरेता पनि नवीकरण नभएको अवस्थामा |
| ⑥ **जायज कारण भई व्यक्तिगत कारणबाट अवकाश** | बिरामी या चोटपटक, गर्भवती या शिशु-स्याहार, परिवारको नर्सिङ्ग आदि अपरिहार्य कारण भई, तपाईंको स्व-इच्छाले छोडेको अवस्थामा |
| ⑦ **अन्य करार सम्झौता अवधि पुरा भएको** | अवधि निर्धारित करार सम्झौता भई, अर्को समय नवीकरण हुँदैन भन्ने कुरा तपाईंलाई पहिला नै थाहा भएको र नवीकरण नभएको अवस्थामा |
| ⑧ **उमेर हद अवकास** | "उमेर ○○ वर्ष पुगे पछि, कम्पनी छोड्ने" भनि तोकिएको उमेरमा तपाईंको उमेर पुगेको बेलामा |
| ⑨ **जबाफदेही बरखास्त** | अनुशासनको कारबाही वा सजाय भोगेको जस्ता तपाईंले गरेको नराम्रो कामको कारणबाट कम्पनीबाट "छोडेर जा" भनि आदेश दिएको अवस्था |
| ⑩ **जायाज कारण बिना व्यक्तिगत कारणबाट अवकाश** | तपाईंको इच्छाले आफ्नो तर्फबाट कम्पनी छोड्ने अवस्था |

### "विशेष भुक्तानी प्राप्त गर्न योग्य व्यक्ति" "विशेष कारणबाट काम छोडेको व्यक्ति" भन्नाले

■**विशेष भुक्तानी प्राप्त गर्न योग्य व्यक्ति・・・**टाट पल्टेर बन्द/बरखास्त आदि कारणबाट नयाँ कामको तयार गर्ने समय अपुग, बाध्यताका साथ काम छोड्न परेको व्यक्ति (माथिको उदाहरणमा भए, ①~④ को जस्तो व्यक्ति)

■**विशेष कारण काम छोडेको व्यक्ति** भनेको, विशेष भुक्तानी प्राप्त गर्न योग्य व्यक्ति बाहेकका हुनुका साथै, अवधि तोकिएको श्रम सम्झौता नवीकरण नभएको कुरा, त्यस बाहेक अन्य काबु बाहिरको कारणबाट काम छोडेका व्यक्ति (माथिको उदाहरण भए, ⑤, ⑥ को जस्तो व्यक्ति)

### "विशेष भुक्तानी प्राप्त गर्न योग्य व्यक्ति" "विशेष कारणबाट काम छोडेको व्यक्ति" मा पर्छ कि पर्दैन चेक गर्ने

विशेष भुक्तानी प्राप्त गर्न योग्य व्यक्ति वा विशेष कारणबाट काम छोडेको व्यक्तिमा पर्छ या पर्दैन भन्ने कुरा, हेलोवर्कले निर्धारण गरिने छ। तपाइले, तपाईंको कम्पनी छोडेको कारण सही छ भन्ने कुरा पुष्ट्याउने कागजातहरू पेश गर्नु अनिवार्य छ। कम्पनीले सोचेको कुरा "कम्पनी छोडेको कारण" तपाईंले भनेको भन्दा फरक भएको अवस्थामा, हेलोवर्कले तपाईंबाट प्राप्त कागजात र कम्पनीबाटको कागजात दुबै हेरी, काम छोडेको कारण तोकिने छ।

# भुक्तानी पाउन चाल्ने प्रक्रियाको चरण

**काम छोड्ने**

▼

**काम खोज्न आवेदन र भुक्तानी पाउने योग्यता निर्धारण**

भुक्तानी पाउनको लागि निवेदक स्वयम नै, आवश्यक कागजातहरू लिएर हेलोवर्क सम्म आउनुहोस्। हेलोवर्कमा पेश गरिने कागजातको आधारमा, भुक्तानी पाउन योग्य छ छैन चेक गरी निर्णय गरिने छ।

▼

**रोजगार बीमा सेमिनार**

भुक्तानी पाउन योग्य प्रमाणपत्र आदि आवश्यक कागजातहरू तपाईलाई दिइने छ। अनि, रोजगार बीमाको भुक्तानी पाउनको लागि निवेदन प्रक्रिया चाल्ने तरिका या काम खोज्ने गतिविधिको बारेमा जानकारी दिइने छ।
※रोजगार बीमा सेमिनार, पर्खन अवधि समाप्त भएको दिन पछि हुन पनि सक्छ।

▼

**पर्खने अवधि समाप्त**

भुक्तानी पाउन योग्य भनि निर्णय गरेको मिति देखि बेरोजगारको अवस्था समेत जोडी, ७ दिनको अवधि पुरा नहुन्जेलको अवधिलाई "पर्खने अवधि" भनिने, यो अवधि रोजगार बीमाबाट भुक्तानी पाउने अवधिमा पर्दैन।

▼

**भुक्तानी सीमा**

आफ्नो व्यक्तिगत कारणबाट अवकाश लिएको व्यक्तिको हकमा, पर्खने अवधि समाप्त भएको मिति देखि थप ३ महिना आधारभूत भत्ता प्रदान गरिने छैन। यसलाई भुक्तानीको सीमा भनिन्छ।

▼

**बेरोजगार प्रमाणीकरण**

प्रत्येक प्रमाणीकरणको दिन (साधारणतया, प्रत्येक ४ हप्तामा १ पटक) मा बेरोजगार प्रमाणीकरण निवेदन फाराम पेश गर्नुहोस्। श्रम, काम खोज्ने गतिविधिको उपलब्धी आदि चेक गरी, बेरोजगार हो होइन निर्णय लिने छ।

▼

**आधारभूत भत्ता प्रदान**

बेरोजगार प्रमाणीकरणमा तोकेको दिन वरावरको आधारभूत भत्ता, तपाईको बैक खातामा हालि दिने छ। (बैक रकमान्तर हुने मिति बैंक अनुसार फरक हुने छ तर, अन्दाजी १ हप्ता जति लाग्न सक्छ।)

▼

**साधारणतया प्रत्येक ४ हप्तामा तपाईंको प्रमाणीकरणको मिति तोकिने छ।**

रोजगार परामर्श सदुपयोग गर्नुहोस्
कर्मचारी आवश्यकताको विज्ञापन हेर्ने, रोजगार परामर्श आदि कुरा, प्रमाणिकरणको दिन बाहेक अन्य दिनमा सदुपयोग गर्न सक्नु हुन्छ।
सक्रिय भएर काम खोज्ने कार्य गरी १ दिन भए पनि छिटो पुनः रोजगार

▼

**काममा नियुक्ति**

पुनः रोजगार भए बापतको लाभको रुपमा, पुनः रोजगार भत्ता / रोजगार प्रवर्धन प्रोत्साहन भत्ता / रोजगार भत्ता / नियमित रोजगार तयारी भत्ता /जेष्ठ नागरिक पुनः रोजगार लाभ भत्ता आदिको लागि निवेदन दिन मिल्न पनि सक्छ।

▼

**भुक्तानी पाउने अवधि समाप्त**

भुक्तानी अवधि समाप्त पश्चात पनि, रोजगार परामर्श सदुपयोग गर्न सक्नु हुन्छ।
निशंकुचित भएर, हेलोवर्कमा आउनुहोस्।

# 3 नयाँ काम खोजौं।

## ⑦ भिसा किसिम अनुसार, गर्न मिल्ने काम फरक फरक छ। तपाईंलाई थाहा छ?

**1** भिसाको किसिम अनुसार जापानमा गर्न मिल्ने काम फरक फरक छ । तपाईंको जाइर्युकार्ड हेरी, भिसाको किसिम चेक गर्नुहोस्।

❶ **स्थायी निबासी, जापानीज पति/पत्नी/बालबच्चा आदि, स्थायी निबासी पति/पत्नी/बालबच्चा, दिर्घकालीन निबासी भिसा भए**

⇩

**जुन सुकै काम पनि गर्न सकिन्छ।**

❷ **इन्जिनियर/मानविकी ज्ञान/अन्तराष्ट्रिय सेवा, उच्च दक्षता विशेषज्ञ, नर्सिंग (खाइगो), दक्ष कामदार, विशेष दक्ष कामदार आदि भिसा भए**

⇩

**कामको प्रकृति अनुसार, भिसा तोकिएको हुन्छ।**

(उदाहरण１) **"इन्जिनियर/मानविकी/अन्तराष्ट्रिय सेवा भिसा" को व्यक्ति**

- विश्वविद्यालय, जापानको व्यवसायिक स्कूल (सेनमोन गाक्को) को व्यवसायिक कोर्ष पुरा गरेको
- विश्वविद्यालय वा व्यवसायिक स्कूलमा तपाईंले **पढेको विषय र काम गर्न खोजेको कार्यक्षेत्र बीचको सम्बन्ध** (※１) हुनु आवश्यक छ। विश्वविद्यालयमा पढेको विषयसँगको सम्बन्धमा, अलि खुकुलो तरिकाले निर्णय (※２) लिने छ। तपाईंको ग्रेजुएट सर्टिफिकेट मात्र नभइकन, (तपाईंले लिएको क्लासको युनिट (तानइ) उल्लेखित) मार्कसिट हेरेर, सम्बन्ध छ कि छैन चेक गर्नुहोस्।

※1 सम्बन्ध छ भनि स्वीकारेका उदाहरणहरू

- ईन्जिनियरिङ्ग बिषयमा ग्रेजुएट गरेको व्यक्ति, विधुतिय सामान उत्पादन गर्ने कम्पनीमा प्रविधि विकासको कार्य गर्ने।
- जापानको व्यवसायिक स्कूल (सेनमोन गाक्को) बाट व्यूटीपार्लर विषयमा ग्रेजुएट गरेको व्यक्ति, कस्मेटिक सामान विक्री गर्ने कम्पनीमा, सौन्दर्य सामाग्रीको उत्पादन विकास तथा मार्केटिङ्गको कार्य गर्ने।

※2 "अध्ययन विषय" को नाम हेर्दा प्रत्यक्ष रुपमा त्यस कार्यसँग सम्बन्ध छ भनि स्वीकार नगर्ने भएता पनि तपाईंले अध्ययन गरेका सबै "विषयहरू" लाई समग्र रूपमा हेरेर, काम गर्न खोजेको क्षेत्रमा आवश्यक पर्ने ज्ञान प्राप्त गरे नगरेको मूल्याङ्कन गरी निर्णय लिने छ। साथै, अहिले काम गर्न खोजेको कार्यक्षेत्रमा, पहिला ३ वर्ष जति काम गरिसकेको वा अनुभव भएको व्यक्ति भए, विश्वविद्यालय आदिमा "अध्ययन विषय" सँग त्यति सम्बन्ध नभएको कार्य भए पनि अलि लचकता अपनाई निर्णय लिने छ।

(उदाहरण２) **"विशेष दक्ष कामदार (तोकुतेइ गिनोउ)" को व्यक्ति**

- औद्योगिक प्रशिक्षार्थी न.२ को भिषाबाट नियम पूर्वक राम्ररी काम पुरा गरेका व्यक्ति⇒प्रशिक्षार्थीको रुपमा गरेको काम र अब गर्ने काम एउटै खालको काम भएमा
- परीक्षामा पास भएको व्यक्ति⇒पास गरेको परीक्षाको विषय क्षेत्रमा मात्र काम गर्न सकिन्छ। औद्योगिक प्रशिक्षार्थीको रुपमा तालिम नगरेको अनि पास नभएको क्षेत्रमा काम गर्न सकिँदैन। नोटः निर्माण व्यवसाय या कृषि व्यवसाय आदि निश्चित गरेको १४ क्षेत्रमा मात्र लागू हुने छ।

**❸ विद्यार्थी भिसा, आश्रित परिवार भिसा (डिपेन्डेन्ट भिसा) को भए**

**इमिग्रेशनमा "फरक गतिविधि गर्ने अनुमति अर्थात सिखाकुगाई खाचुदो क्योखा" को लागि निवेदन दिई, अनुमति लिने गरौं। १ हप्तामा, २८ घण्टा भन्दा बढि नहुने गरी काम गर्न सक्नु हुन्छ। विद्यार्थी भिसाको व्यक्ति भए, हारु यासुमी आदि लामो समयको लागि स्कूल बिदा हुने बेलामा १ दिनमा, ८ घण्टा सम्म काम गर्न सकिन्छ। साथै, हाल विद्यार्थी र केही समय पछि ग्रेजुएट हुने भए, ❷को भिसामा परिवर्तन गर्ने योजना भई, ❷ मा पर्ने खालको काम गर्न मिल्ने कम्पनी खोज्न सक्नु हुन्छ।**

**❹ औद्योगिक प्रशिक्षार्थी भिसा भए**

**साधारणतया जापान आएपछि, एउटै कम्पनीमा लगातार काम गर्नु पर्छ। यदि, छोड्ने भएमा, "व्यवस्थापन संस्था अर्थात खानरी दान्ताई" तथा "विदेशी औद्योगिक प्रशिक्षार्थी संस्था अर्थात गाइकोकुजिन गिनोउ जिस्यूसेई किकोउ" मा सल्लाह गरी, नयाँ कम्पनी खोज्न लगाउने गरौं। यद्यपि, "रोजगार बीमा" बाट भुक्तानी पाउने अवस्थामा, हेलोवर्कमा गएर प्रक्रिया चाल्नु होस्।**

**❺ माथि उल्लेखित बाहेक अन्य भिसा भएमा**

**साधारणतया काम गर्न मिल्दैन। यद्यपि, ❶ र ❷ मा उल्लेखित भिसामा परिवर्तन गर्ने योजना भएमा, काम गर्ने कम्पनी खोज्न सक्नु हुन्छ।**

**2** ❶, ❷, ❸ को भिसा भएको व्यक्ति भएमा, आफूले कस्तो किसिमको काम गर्न मिल्छ भनि प्रमाणित गरेर देखाउनको लागि, अध्यागमन विभागबाट "रोजगार अनुमति प्रमाणपत्र अर्थात स्यूरोउ सिखाकु स्योमेइस्यो" प्राप्त गर्न सक्नु हुन्छ। यो प्रमाणपत्र नयाँ कम्पनीमा दिन पनि सक्नु हुन्छ।

## ⑧ हेलोवर्कमा काम गर्न चाहेको कम्पनी खोजौं।

**1** **हेलोवर्क**मा काम खोज्नको लागि, निवेदन दिनुहोस्। घर नजिकको हेलोवर्कमा जानुहोस्। "रोजगार बीमा" को रकम पाउन पनि सकिन्छ। (पेज 6 हेर्नुहोस्) । **जाइर्यूकार्ड र पासपोर्ट** साथमा लिएर आउनुहोस्

**घर नजिकको हेलोवर्क यहाँबाट खोज्न सकिन्छ।**

▶▶ https://www.mhlw.go.jp/content/000637894.pdf

**दोभाषे भएको हेलोवर्कको लागि यहाँ**

▶▶ https://www.mhlw.go.jp/content/000592865.pdf

**2** हेलोवर्कमा भएको “रोजगार आवेदन फाराम” भर्ने वा स्मार्टफोन तथा हेलोवर्कको कार्यालय भित्र राखिराखेको कम्प्युटर प्रयोग गरी तपाईंको व्यक्तिगत विवरणहरू सबै भरी सके पछि, काउन्टरको कर्मचारीसँग परामर्श लिने गरौं। हेलोवर्कले तपाईंको जाइर्यूकार्ड र पासपोर्ट हेर्ने छ। तपाईंको भिसा, काम गर्न मिल्ने भएमा, “हेलोवर्क दर्ता रसिद” पाउन सकिन्छ। दर्ता रसिदमा, तपाईंको “रोजगार आवेदन नम्बर” लेखिएको हुन्छ। हेलोवर्कमा जाने बेलामा, पाएको “दर्ता रसिद” अनिवार्य रुपले साथमा लिएर जाने गरौं। दर्ता रसिद भएमा, निवेदन दिएको कार्यालय भन्दा फरक हेलोवर्कबाट पनि, कर्मचारी आवश्यकता बारेको जानकारी पाउन सकिन्छ।

**“रोजगार आवेदन फाराम” भर्ने तरिकाको लागि यहाँ**

▷▷ **https://www.hellowork.mhlw.go.jp/doc/gaikokujinnkyuusyokumousikomisyonokakikata.pdf**

**(जापानीज भाषा आउने व्यक्तिले) हेलोवर्कको कम्प्युटर वा आफ्नो कम्प्युटर वा स्मार्टफोनबाट अस्थायी दर्ता गरि सके पछि, काउन्टरमा गएर निवेदन प्रक्रिया चाल्न पनि सकिन्छ।**

▷▷ **https://kyushoku.hellowork.mhlw.go.jp/kyushoku/GEAA020020.do?action=initDisp&screenId=GEAA020020**

**3** कर्मचारी आवश्यकता सम्बन्धि जानकारी हेलोवर्कको काउन्टरको कर्मचारीलाई खोज्न लगाउनु होस्। पाएको “कर्मचारी आवश्यकता फाराम” हेरेर, तपाईंको चाहनासँग मिल्ने कर्मचारी आवश्यकता सम्बन्धि सूचनाको विज्ञापन खोजिने छ। “कर्मचारी आवश्यकता फाराम” हेर्न गाह्रो भएको बेलामा, हेलोवर्कको कर्मचारीसँग सल्लाह गरी, तपाईंको आफ्नो इच्छा बताउनुहोस्।

**कर्मचारी आवश्यकता फाराम हेर्ने तरिका यहाँ**

▷▷ **https://www.hellowork.mhlw.go.jp/doc/gaikokujinnkyuujinnhyounomikata.pdf**

**(जापानीज भाषा आउने व्यक्तिले) हेलोवर्कको कम्प्युटर वा आफ्नो कम्प्युटर वा स्मार्टफोन बाट पनि कर्मचारी आवश्यकताको विज्ञापन सर्च गर्न सक्नु हुन्छ।**

▷▷ **https://www.hellowork.mhlw.go.jp/kensaku/GECA110010.do?action=initDisp&screenId=GECA110010**

(※) विशेष गरी विदेशी श्रमिकलाई स्वागत र सम्मान गर्ने कम्पनीको कर्मचारी आवश्यकता सम्बन्धि विज्ञापन खोज्न चाहेको अवस्थामा, “フリーワード (फ्री वर्ड)” को ठाउँमा, “外国人 (विदेशी)” वा “日本語 (जापानीज भाषा)” भनि लेखेमा सजिलो हुन्छ।



## ⑨ काम गर्न चाहेको कम्पनीमा दरखास्त दिई, अन्तर्वार्तामा जाने गरौं।

**1** तपाईंको चाहनसँग मिल्ने कर्मचारी आवश्यकताको विज्ञापन भेट्टाए पछि, हेलोवर्कको काउन्टरमा सल्लाह गरौं। हेलो वर्कले, कम्पनीसँग सम्पर्क गरी, तपाईंको अन्तर्वार्ताको मिति तय गरी, तपाईंलाई "सिफारिस पत्र" दिइने छ।

**2** अन्तर्वार्ताको दिन सम्ममा, "बायोडाटा" （※１） र "कामको अनुभव विवरणपत्र" （※２） लेख्ने।
कम्पनीको मानिसले, तपाईंले लेखेको बायोडाटा र कामको अनुभव विवरणपत्र आदि हेरेर, तपाईंलाई नियुक्त गर्ने वा नगर्ने भनि निर्णय लिने छ। बुझ्ने गरी, सफा अक्षरले राम्ररीसँग लेखी, आफ्नो कुरा अपिल गरौं। हेलोवर्कमा, बायोडाटा र कामको अनुभव विवरणपत्र लेख्ने तरिका सिकाउने सेमिनार भनि आयोजना गरिरहेको छ। काउन्टरमा, तपाईंले तयार गर्ने कागजातहरू अझै राम्रोसँग लेख्न सल्लाह दिने गरिरहेको छ। अवश्य सदुपयोग गर्नुहोस्।

（※１） तपाईंले अहिले सम्म कहाँ पढेको हो, कहाँ काम गरेको हो, किन कम्पनीमा काम गर्न चाहेको हो, तपाईंको राम्रो पक्ष, विशेष दक्षता, आफ्नो योग्यता, लाइसेन्स आदि लेख्ने कागजात हो। जापानमा, बायोडाटामा फोटो टाँस्ने चलन धैरै छ। यो, "अन्तर्वार्तामा आएको व्यक्ति साच्चिकै तपाई नै हो कि" भनि यकिन गर्नको लागि प्रयोग गर्ने कुरा हो। तपाईंको बाहिरी आवरण छनौट प्रक्रियामा त्यति सम्बन्ध नहुने भएकोले ढुक्क हुनुहोस्।

（※２） तपाईंले अहिले सम्म गरेको काम, अहिले सम्मको कामबाट सिकेका सीप क्षमता आदि लेख्ने कागजात हो।



**3** अन्तर्वार्ता हुने दिन सम्ममा, कम्पनीको जानकारीहरू संकलन गरी, अन्तर्वार्ताको लागि अभ्यास गर्ने गरौं। "किन तपाईं त्यस कम्पनीमा काम गर्न चाहेको हो", "तपाईंले त्यस कम्पनीमा के गर्न चाहेको हो", "तपाईंको राम्रो पक्ष र नराम्रो पक्ष कुन हो" भन्ने प्रश्न धैरै सोधिने गर्छ। हेलोवर्कमा, अन्तर्वार्ता तयारी सेमिनारहरू पनि आयोजना गरिरहेको छ। अनि, अन्तर्वार्ताको म्यानरहरूको बारेमा पनि सल्लाह दिने, साच्चैको अन्तर्वार्ता जस्तो गरी, नमूना अभ्यास अन्तर्वार्ता पनि संचालन गरिरहेको छ।


**4** अन्तर्वार्ताको दिन समय भन्दा ढिला नहुने गरी, समय भन्दा १५ मिनेट अगाडि नै पुग्ने गर्नुहोस्। हेलोवर्कले दिएको "सिफारिस पत्र" तथा तपाईंले लेखेको "बायोडाटा" नबिर्सिकन लिएर जानुहोस्। यदि, कम्पनीले, "कागजातहरू अन्तर्वार्ता हुनु भन्दा पहिला नै कम्पनीमा पठाउनु" भनि अनुरोध गरेको खण्डमा, तोकिएको मिति अगाडि नै कागजातहरू हुलाकबाट पठाउनु अनिवार्य छ।
उक्त दिन, यदि, तपाई तोकिएको समयमा नपुग्ने अथवा ढिला होला जस्तो लागेको बेलामा वा अचानक जान नसकेको बेलामा, अनिवार्य रूपले कम्पनीमा फोन गरी खबर गर्नुहोस्।
अन्तर्वार्ताको दिन, कम्पनीको मानिसलाई राम्ररीसँग अभिवादन गरी, लुगा र कपाल ठीक छ कि भनि, चेक गर्ने गर्नुहोस्।

## ⑩ छिटो काम मिलेमा, “रोजगार बीमा” बाट रकम पाउन पनि सकिन्छ


**1** तपाईं, “रोजगार बीमा” भुक्तानी पाउन योग्य भनि प्रमाणीकरण भए पछि, छिटो नयाँ काम फेला पारेको खण्डमा, “पुनः रोजगार भत्ता” पाउन पनि सकिन्छ। हेलोवर्कलाई काम पाएको जानकारी (पेज19) दिए पछि, काम शुरु गरेको भोलिको दिनबाट १ महिना भित्र हेलोवर्कमा आवश्यक निवेदन दिनुहोस्।

**2** केही शर्तहरू पुरा गरेको खण्डमा, निम्न लिखित रकम पाउन सकिन्छ।
बेरोजगार भत्ता स्वरूप पाउन सकिने बाँकी दिन (तिर्न बाँकी दिन संख्या) जम्मा पाउने दिन (तोकिएको भुक्तानी पाउने दिन संख्या) को

- ३ भागको १ भाग भन्दा बढि भएको बेलामा⇒तपाईंले पाउनु पर्ने रकमको ६०%
- ३ भागको २ भाग भन्दा बढी भएको बेलामा⇒तपाईंले पाउनु पर्ने रकमको ७०%



- आधारभूत भत्ता प्रति दिनको ४००० येन, तोकिएको भुक्तानी पाउने दिन संख्या ९० दिन भएको व्यक्ति, तिर्न बाँकी दिन संख्या ६० दिन बाँकी हुँदाको दिनमा रोजगारी पाएको अवस्थामा




- तोकिएको भुक्तानी पाउने दिन संख्या ९० दिनलाई, आधारभूत भत्ता पाउने बाँकी रहेको दिन ६० दिन (३ भागको २ भन्दा बढी) भएकोले, पुनः रोजगार भत्ता पाउने अनुपात ७०% हुने छ।
- पुनः रोजगार भत्ताको रकम ४००० येन × ६० दिन × **७०%** = १६८,००० येन हुन्छ।



# 4 नियुक्त हुने पक्का भए पछि, प्रक्रिया चाल्नुहोस्।

## ⑪ नयाँ कम्पनीको श्रम शर्त राम्ररीसँग चके गर्नुहोस्।



**1** कम्पनीबाट तपाईंलाई नियुक्त गर्न चाहेको व्यहोराको सूचना प्राप्त गरी सकेपछि, यो कम्पनीमा काम गर्ने निर्णय लिनु भन्दा पहिला, **फेरी एक पटक अनिवार्य रूपले श्रम शर्त** चेक गर्नुहोस्।

**2** "रोजगार सम्झौता पत्रमा हस्ताक्षर गर्नु" भनि भनेको अवस्थामा, लेखिराखेको विवरणहरू नबुझेता पनि हस्ताक्षर गर्ने कार्य नगर्नु होस्।

**3** कम्पनीले, रोजगार सम्झौता पत्र वा श्रम शर्त जानकारी पत्र आदि तपाईंलाई दिएर, श्रम शर्तको बारेमा जानकारी दिनै पर्ने प्रावधान छ। कम्पनीमा काम गर्ने बेलाको रुल ("रोजगार नियम") आदि पनि कम्पनीबाट पाउन पनि सकिन्छ।

**4** श्रम शर्त तथा अन्य कागजातमा लेखिराखेको कुरा नबुझेमा, कम्पनीको मानिससँग सोध्ने गर्नुहोस्। चिन्ता लगेको बेलामा, हेलोवर्क वा श्रम मापदण्ड निरीक्षण कार्यालयमा सल्लाह गर्न सक्नु हुन्छ।

**श्रम शर्तको बारेमा परामर्श लिन चाहेको बेलामा**

▶▶ https://www.check-roudou.mhlw.go.jp/soudan/foreigner_eng.html

## ⑫ भिसा प्रक्रिया चाल्नुहोस्।



**1** **तपाइको भिसा पेज 12 को ❶ को भए**

भिसा प्रक्रिया तथा अध्यागमन विभागलाई जानकारी गराउनु आवश्यक छैन।

**2** **तपाईंको भिसा पेज 12 को ❷ को भए**

**नयाँ कम्पनीमा गर्ने काम पहिलाको कम्पनीमा गरेको काम भन्दा फरक भएको बेलामा**

❶ कम्पनी छोडेको बेलामा अध्यागमन विभागलाई "आबद्ध निकायको बारेको सूचना" दिई, पहिलाको कम्पनीसँगको सम्झौता समाप्त भएको व्यहोराको सूचना दिनु अनिवार्य छ। (काम छोडेको मिति देखि १४ दिन भित्र)

❷ नयाँ कम्पनीमा काम गर्ने कुरा पक्का भए पछि, अध्यागमन विभागमा "भिसा परिवर्तनको निवेदन" दिनु आवश्यक छ। भिसा परिवर्तन निवेदन स्वीकृत नहुनजेल सम्म, काम शुरु गर्न पाउँदैन। नियुक्ति गरिएको सूचना प्राप्त भए लगतै अध्यागमन विभागमा निवेदन दिनुहोस्।

❸ आवश्यक प्रक्रिया, कम्पनीले गरि दिन पनि सक्छ। कागजात पेश गर्न अनुरोध गरिएको अवस्थामा, तुरुन्तै बुझाउनु होस्। नबुझेको वा थाहा नभएको कुरा भएमा, कम्पनी वा अध्यागमन विभागमा सोधपुछ गर्नुहोस्।

❹ अध्यागमन विभागबाट भिसा स्वीकृत भए पछि, काम गर्न सकिने हुन्छ।

**नयाँ कम्पनीमा पहिलाकै जस्तो एउटै किसिमको काम गर्ने बेलामा**

पहिलाको कम्पनीसँगको सम्झौता समाप्त भइसकेको कुरा (कम्पनी छोडेको दिन देखि १४ दिन भित्र) जानकारी दिनु अनिवार्य छ। अध्यागमन विभागमा “भिसा परिवर्तन निवेदन” आवश्यक छैन। नयाँ कम्पनी निश्चित भए पछि, नयाँ कम्पनीसँग सम्झौता गरेको व्यहोरा जानकारी दिनुहोस् (काम सुरु गरेको मिति देखि १४ दिन भित्र)। यद्यपि, “उच्च दक्षता विशेषज्ञ (कोउदो सेनमोन स्योकु)” या “विशेष दक्षता कामदार (तोकुतेई गिनोउ)” आदि भिसा भएका व्यक्तिको हकमा, “भिसा परिवर्तन निवेदन” अध्यागमन विभागमा गर्नु आवश्यक छ। नबुझेको वा थाहा नभएको कुरा भएमा, कम्पनी वा अध्यागमन विभागमा सोधपुछ गर्नुहोस्।

## 3 तपाईंको भिसा पेज 13 को ③ को भए

**तपाईं अन्तराष्ट्रिय विद्यार्थी भई तपाईं ग्रेजुएत भएर, नयाँ काम सुरु गर्ने बेलामा**

1. तपाईंले अध्यागमन विभागमा “भिसा परिवर्तनको लागि निवेदन” दिनु आवश्यक छ। भिसा स्वीकृत नहुनजेल सम्म काम गर्न मिल्दैन। नियुक्ति पाउने पक्का भए लगतै अध्यागमन विभागमा निवेदन गर्ने गर्नुहोस्।
2. आवश्यक प्रक्रिया कम्पनीले गरि दिन पनि सकिन्छ। कम्पनीबाट कागजात माग भएको अवस्थामा, तुरुन्तै बुझाउने गर्नुहोस्। नबुझेको वा थाहा नभएको कुरा भएमा, कम्पनी वा अध्यागमन विभागमा सोधपुछ गर्नुहोस्।
3. अध्यागमन विभागबाट भिसा स्वीकृती पाए पछि, काम सुरु गर्न सकिन्छ।

**तपाईं अन्तराष्ट्रिय विद्यार्थी भिसा वा डिपेन्डेन्ट भिसा भएको र नयाँ पार्ट टाईम काम निश्चित भए पछि**

भिसा प्रक्रिया चाल्ने र अध्यागमन विभागमा जानकारी दिनु आवश्यक छैन।
काम गर्ने समय १ हप्तामा २८ घण्टा भन्दा बढी नहुने गरी, सावधानी अपनाउनुहोस्। पार्ट टाइम काम दुई वा दुई भन्दा बढी ठाउँमा गर्दै आएको भए, सबै जम्मा गर्दा २८ घण्टा भन्दा बढी हुनु हुँदैन।

**अध्यागमन विभागमा “भिसा परिवर्तन निवेदन” को बारेमा यहाँ**

▶▶ http://www.moj.go.jp/ONLINE/IMMIGRATION/16-2.html

**अध्यागमन विभागमा जानकारी दिने बारेमा यहाँ**

▶▶ http://www.moj.go.jp/nyuukokukanri/kouhou/nyuukokukanri10_00014.html


http://www.moj.go.jp/nyuukokukanri/kouhou/nyuukokukanri10_00015.html

## ⑬ काम सुरु गर्ने बेलामा, अन्य प्रक्रिया पनि चाल्नु आवश्यक छ। तपाईंलाई थाहा छ?

**1** तपाईंले “रोजगार बीमा” बापत को रकम लिँदै आएको अवस्थामा, काम सुरु गर्ने दिन भन्दा एक दिन अगाडि, हेलोवर्कमा गएर, काम निश्चित भयो भनि जानकारी दिनुहोस्। निम्न लिखित कागजातहरू लिएर जानुहोस्।

- **रोजगार बीमा भुक्तानी पाउने योग्यता प्रमाणपत्र (रोजगार बीमा सेमिनारको बेलामा पनि पाउने)**
- **बेरोजगार प्रमाणीकरण निवेदन फाराम (काम शुरु गर्ने दिन र नयाँ कम्पनीको ठेगाना आफैले भर्नुहोस्।)**

**2** कम्पनीले, तपाईंले काम शुरु गरेको मिति र तपाईंको भिसाको किसिम आदि हेलोवर्कलाई जानकारी दिनु अनिवार्य छ। कम्पनीको मानिसलाई तपाईंको जाइर्यूकार्डमा उल्लेखित विवरणहरू दिनुहोस्।



## सम्पर्क गर्ने ठाउँको सूची

**घर नजिकको हेलोवर्क यहाँबाट खोज्न सकिन्छ।**

▶▶ https://www.mhlw.go.jp/content/000637894.pdf

**दोभाषे हुने हेलोवर्कको लागि यहाँ**

▶▶ https://www.mhlw.go.jp/content/000592865.pdf

**श्रम शर्तको बारेमा परामर्श लिन चाहेको बेलामा**

▶▶ https://www.check-roudou.mhlw.go.jp/soudan/foreigner_eng.html